जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १० २०८२ साल साउन १३ गते मंगलबार (29 July 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**


**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।


*यस अंक भित्र :* २ पृष्ठमा : 'निसास्सिँदै तराई–मधेश,.. ३ पृष्ठमा : कानुन मिचेर बजेटमा ऋणको ... ३ पृष्ठमा विश्वव्यापी एआई मोडेल...


## न्याय पाउने आशमा दिनँहु गुन्द्री बोकेर अदालत धाउँदै हविव



एक वर्ष अघि हत्या गरिएका राजविराज वडा नं. ४ निवासी ३२ वर्षिय औरन्गाजेबका ७० वर्षिय बुबा मो. हविव मियाँ न्यायको आशमा गुन्द्री बोकेर अदालत परिसरमा । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

एक वर्ष अघि छोराको हत्या भएको विषयमा अदालतबाट न्याय पाउने आशावादी रहेका एक बृद्ध बुबा अहिले दिनँहु अदालत धाउँन बाध्य छन् । विगत १० महिनादेखी अदालत लाग्ने समय बिहान १० बजे नै गुन्द्री बोकेर उनी कार्यालय समय ५ बजेसम्म त्यही बस्ने गरेका छन् ।

राजविराज वडा नं. ४ निवासी ७० वर्षिय मो. हविव मियाँ यसरी दैनिक सप्तरी जिल्ला अदालत पुग्ने गरेका छन् । उनका ३२ वर्षिय छोरा औरन्गाजेबको गत २०८१ असार ३ गते हत्या भएको थियो ।

प्रहरीले उक्त घटनाका आरोपितहरुका बिरुद्ध कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता न्यायिक प्रक्रियाका लागि सप्तरी जिल्ला अदालतमा पुऱ्याएपछी उनी न्यायका लागि अदालततिर धाउन थालेका हुन् ।

लामो समयदेखी बिरामी रहेका र पटक-पटक औषधी सेवन गर्नु पर्ने भएकाले औषधीको झोला, खाजाका लागि बिस्कुट र सातुसँगै लिएर अदालत आउने र ५ बजेपछी फिर्ता जाने गरेका छन् ।

उनी अदालतको फैसलाका लागि दिनभर कुर्ने तर वकिल मार्फत "सुनुवाई र वकपत्रको क्रम अझ केही दिनसम्म चल्ने" जानकारी पाएपछी निराश भई घर फर्किन्छन् ।

राजविराज ४ स्थित रोयल इन्फिल्ड आटोमोवाइल्सका संचालक समेत रहेका ३२ वर्षिय औरन्गाजेबको २०८१ असार ३ गते साँझ घरेलु हतियार प्रहार गरी हत्या गरिएको थियो । मुस्लिम धर्मावलम्बीहरुको महान पर्व वकरइदका दिन मदरसालाई सहयोग तथा जनावरको कुर्वानीका विषयमा उत्पन्न विवादले उग्ररुप लिएपछी एक पक्षको आक्रमणबाट औरन्गाजेब गम्भिर घाइते भएका थिए । उनको उपचारका क्रममा बिराटनगरस्थित न्यूरो अस्पतालमा मृत्यु भएको थियो ।

उनको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले सोही वडाका मो. नासिर, उनका भान्जा मो. आशिक र राजगढ गाउँपालिका ६ का लाल खाँलाई पक्राउ गरिसकेको छ । उनी तिनै जना अहिले पूर्पक्षका लागि राजविराज कारागारमा छन् । अन्य फरार अभियुक्तको खोजिकार्य भइरहेको प्रहरीको भनाई छ ।

उक्त घटनामा संलग्न रहेका ७ जना बिरुद्ध कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा प्रहरीमा जाहेरी दिएपछी प्रहरीले आवश्यक अनुसन्धान सकाएर मुद्दा अदालतमा पुऱ्याएको छ ।

सप्तरी जिल्ला अदालतका श्रेस्तेदार कृष्ण प्रसाद अधिकारीले औरन्गजेब हत्या प्रकरण सुनुवाई र वकपत्रको क्रममा रहेकाले फैसला हुन अझ केही समय लाग्न सक्ने जनाएका छन् । उनले असार ८ गतेदेखी दुबै पक्षको साक्षी राखेर वकपत्रको क्रम चलिरहेको जनाए ।

## देशभर ७८.८४ प्रतिशत भूभागमा धान रोपाइँ

काठमाडौं, १२ साउन (रासस) ।

देशभर आइतबारसम्म धान रोपाइँ हुने क्षेत्रफलको ७८.८४ प्रतिशत भूभागमा धान रोपिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

कोशी प्रदेशमा ८०.३९ प्रतिशत, मधेश प्रदेशमा ५१.८२ प्रतिशत भूभागमा रोपाइँ भएको छ । त्यसैगरी वाग्मती प्रदेशमा ८७.१९ प्रतिशत र गण्डकी प्रदेशमा ८.५३ प्रतिशत भूभागमा रोपाइँ सकिएको छ । लुम्बिनी प्रदेशमा ९२.०४ प्रतिशत भूभागमा रोपाइँ भएको छ । कर्णाली प्रदेशमा ९१.३८ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ९८.९४ प्रतिशत भूभागमा धान रोपाइँ सकिएको मन्त्रालयले जनाएको छ ।

गत वर्ष साउन १३ गतेसम्म ९२.६ प्रतिशत भूभागमा रोपाइँ भएको थियो । यो वर्ष मधेश प्रदेशलगायतका केही क्षेत्रमा पानी नपरेका कारण हालसम्म गत वर्षको तुलनामा कम क्षेत्रमा रोपाइँ भएको हो ।






## दाजुको हत्या गरी फरार भाई पक्राउ

**दैनिक समाचारदाता**
**सिराहा, १२ साउन ।**

पारिवारिक विवादका क्रममा दाजुको हत्या गरी फरार एक भाईलाई प्रहरीले भारततर्फ भाग्ने क्रममा सीमावर्ती गाउँबाट पक्राउ गरेको छ ।

सिराहा जिल्लाको गोलबजार नगरपालिका-१०, मुसहर्नियाका करिब २५ वर्षीय श्यामकुमार सदाले आफ्नै सहोदर दाजु ३५ वर्षीय मोतीराम सदाको धारिलो हतियार प्रयोग गरी गत बिहीबार साँझ हत्या गरेका थिए ।

प्रहरीका अनुसार मदिरा सेवन गरेर घर फर्किएका श्यामकुमारले श्रीमती कौशिला सदामाथि कुटपिट गर्न थालेपछि रोक्न आएका दाजु मोतीरामलाई श्यामकुमारले छातीमा धारिलो हतियारले प्रहार गरेका थिए । गम्भीर घाइते भएका मोतीरामलाई तत्काल छिमेकीले लहानस्थित प्रादेशिक अस्पताल पुऱ्याएको र उपचारका क्रममा उहाँको मृत्यु भएको थियो ।

हत्यापछि फरार रहेका श्यामकुमारलाई प्रहरीले सिराहाको दक्षिणी सीमावर्ती क्षेत्र औरही गाउँपालिका-३, जमुवा नहरको बाटो हुँदै भारततर्फ भाग्दै गरेको अवस्थामा पक्राउ गरेको हो । उक्त गाउँ भारत-नेपाल सीमाबाट करिब तीन किलोमिटरभित्र पर्छ ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार पक्राउ परेका श्यामकुमार सदालाई आइतबार जिल्ला अदालत सिराहाबाट पाँच दिनको म्याद लिएर इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान थालिएको छ ।

प्रहरीले घटनामा प्रयोग गरिएको धारिलो हतियार बरामद गरेको जनाएको छ । प्रारम्भिक अनुसन्धानमा आरोपितले अपराध स्वीकार गरेको प्रहरी नायब उपरीक्षक पासवानले जानकारी दिए ।


**चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।**

घरबाहिर हुँदा

- आकाशमा बिजुली चम्किदा, गडयाङगुडुङ हुँदा घरभित्र जाऔं,
- नजिकै घर नभए ओतमा बसौं,
- रुख वा बिजुलीको पोलमुनि नबसौं,
- छाता नओढौं,
- खेतबारीमा काम नगरौं,
- कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- भूँइमा लम्पसार परेर नसुतौं ।

घरभित्र हुँदा

- टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, बिजुलीको स्वीच अफ गरौं,
- त्यस्ता उपकरण बिजुलीको प्लगबाट छुटाऔं,
- तारवाला फोन प्रयोग नगरौं, मोबाइल स्वीच अफ गरौं,
- नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- झ्याल, भऱ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### मूल्य नियन्त्रणतर्फ ध्यान पुगोस्

अहिले मधेशमा पर्याप्त वर्षा नहुँदा रोपाई प्रभावित हुनुका साथै खाद्यान्न संकट हुने सम्भावना पनि बढेर गएको छ । जसकारण अन्नदेखी लिएर अन्य दैनिक उपभोग्य सामाग्रिहरुमा समेत मुल्य बृद्धि हुने संकेत पनि देखिने भएको छ । हुन त नेपालमा मुल्य बृद्धि हुन कुनै न कुनै वहाना चाहिन्छ । त्यो वहाना अहिले धान रोपाईमा कमीले पुरा गरेको छ । केही दिनपछी सोही वहानाका कारण एकासी सबै थोकमा मुल्य बृद्धि हुनेछ । यसका लागि सरोकारवाला निकाय अहिले देखी नै चनाखो हुनु जरुरी छ ।

एकातिर नेपालमा अब चाडपर्वको माहोल सुरु हुँदै छ । झण्डै दुई महिनाको सेरोफेरोमा एक दर्जनजति सानातिना चाडपर्व तथा त्यसपछी महान पर्व दशैं को आवागमन हुदैछ । यस्तो बेलामा सबै समाग्रिहरुको अभावका साथै मुल्य बृद्धि हुने होडवाजी नै चल्छ । चाडवपर्वको आवगमन हुन्छ तब उपभोक्ताको ढाड सेक्ने गरि चर्को मुल्य बृद्धि हुने गरेको विगतको समयले देखाएको छ । त्यति बेला दैनिक उपभोग्य बस्तु चामल, दाल, खाने तेल लगायत अन्य बस्तुहरुमा मुल्य अत्याधिक बृद्धि हुनेगर्छ । मुल्य बृद्धि भएपछि उपभोक्ताहरु मारमा पर्छन् ।

तसर्थ त्यस्ता दिन आउनुपूर्व सरोकारवाला निकाय चनाखो भई मुल्य नियन्त्रण गर्नेतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ । यस्ता मुल्य बृद्धि नियन्त्रणका लागि तीनै तहका सरकार र सरोकारवाला निकायसहितकाले उपभोक्तालाई ध्यानमा राखी अहिलेदेखी नै ठोस कदम चाल्नु अग्रसरता देखाउनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'निसास्सिँदै तराई–मधेश, गहिरिँदै कृषि संकट'

**टिकाराम सुनार**
काठमाडौँ, १२ साउन (रासस) ।

तराई मधेशमा न माटो भिजाउने पानी, न जनताको मन शान्त हुने अवस्था । खेतबारी सुक्खा छन्, धानको बीउ 'बेर्न्याटो' मै सुक्दैछन् । जेनतेन रोपाइँ गरिएका खेतमा धाँजा फाटेका छन्, किसानमा चिन्ताको धाँजा अझै गहिरिँदै छ ।

वर्षायाम अर्थात् जेठ १८ देखि असोजमध्ये आधार समय घर्किसकेको छ, तर अन्नभण्डार मधेशमा अझै ५० प्रतिशत रोपाइँ हुन सकेको छैन । खडेरीले सङ्कटको अवस्था छ । चापाकल सुक्दैछन्, इनार रित्तिँदैछन् । पिउने पानीसमेत ट्याङ्करले बोक्नु परेको छ । यो सङ्कट केवल मधेशका लागि चेतावनी होइन-दुःखद यथार्थ हो ।

नागरिकले विगतदेखि नै भोग्दै आएको यस समस्यामा यसपटक सरकारको पनि स्वीकारोक्ति आएको छ । कृषि आधारित 'जीवन लय' नै बिथोलिने चिन्ता दर्शाउँदै मधेश प्रदेश सरकारले गत असार २६ गते 'सुक्खाग्रस्त क्षेत्र' घोषणा गरेको छ । सङ्घीय सरकारले पनि यही साउन ८ गते (७ गते मन्त्रिपरिषद् निर्णय) उक्त प्रदेशलाई तीन महिनाका लागि 'विपद् सङ्कटग्रस्त क्षेत्र' घोषणा गरेको छ ।

तीनै तहका सरकारले यस सङ्कटलाई गम्भीरतापूर्वक लिएका छन् । गत साउन ९ गते मधेशमै पुगेर प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको अभिव्यक्ति त्यसैको प्रकट रूप हो । त्यहाँ उहाँले भन्नुभएको थियो, "मधेश प्रदेशलाई सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ । अब दीर्घकालीन र तत्कालीन उपाय अवलम्बन गरेर पानीको आवश्यकता पूरा गरिनेछ । त्यसका लागि तत्कालै ५०० वटा डिप बोरिङ जडान गरिनेछ ।"

त्यसपछि साउन १० गते गृहमन्त्री रमेश लेखकले विपद् सङ्कटग्रस्त क्षेत्र घोषित तराई-मधेशका स्थानीय तहका प्रमुख/अध्यक्ष र प्रमुख जिल्ला अधिकारीहरूलाई समस्या समाधानमा लाग्न निर्देशन दिनुभयो । "नागरिकको पीडामा सरकार गम्भीर छ । अब खानेपानी र सिँचाइका लागि प्राथमिकताका आधारमा डिप ट्युबवेल र डिप बोरिङ जडान गरिनेछ, सबै निकायबीच समन्वय र सहकार्य होस्", उहाँको भनाइ थियो ।

यो सङ्कट एकाएक आएको होइन र चाँडै जानेवाला पनि छैन । त्यसैले विज्ञहरूले जलवायु परिवर्तन र चुरे दोहनका कारण 'खतराको घण्टी' बजाइरहेको छ भनेर पटकपटक चेतावनी दिँदै आएका छन् । जलवायुजन्य प्रकोपले नेपालको कृषिप्रणाली बिथोलिएको र त्यसले लाखौँ मानिसको जीविकोपार्जनको आधार नै सङ्कटमा रहेका धेरैको चेतावनी छ । जलवायु परिवर्तनविज्ञ मधुकर उपाध्याय भन्नुहुन्छ, "हामीले लगातार तेस्रो सुक्खा हिउँद भोग्यौँ । अब चौथो हिउँद सुक्खा भए के गर्ने ? सरकार र सरोकार भएकाहरूसँग योजना हुनुपर्छ ।"

मानिसका लागि पहिलो आवश्यकता स्वच्छ हावा र त्यसपछि खाना हो । त्यसैले जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका कुरा हुँदा कृषिलाई उच्च प्राथमिकतामा राख्नुपर्ने विषय यस वर्षको खडेरीबाट सिक्नुपर्ने कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठको भनाइ छ । "हिउँद त सुक्खा भइरहेकै छ, हुँदाहुँदा वर्षायाम पनि सुक्खा हुन थाल्यो । यो समस्या बर्सेनि थप गहिरिनेवाला छ । त्यसैले अब नीति, प्राथमिकता र कृषि प्रणालीमाथि गम्भीर विमर्श गर्नुपर्ने बेला आयो", उहाँले भन्नुभयो ।

कृषिका लागि खाद्य अभियानका संयोजक उद्धव अधिकारी पनि समयका चुनौती सामना गर्नेगरी अगाडि बढ्न पछिल्लो सङ्कटले 'घण्टी' बजाएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "नेपालमा खडेरी सामान्य विषय होइन, यो सङ्कटको गम्भीर सङ्केत हो । नेपालको मौसमी चक्र नै बिथोलिएको छ । कृषि क्षेत्र सबैभन्दा मारमा छ । केही वर्षमै लाखौँ मानिसको जीविकोपार्जनको आधार गुम्ने खतरा छ । अब यसमा अनुकूलित हुने उपायको विकल्प छैन ।"

यो कुरा सरकारले पनि महसुस गरिसकेको छ । गत साउन ५ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वार्षिक प्रगति सार्वजनिक कार्यक्रममा मन्त्री रामनाथ अधिकारीको अभिव्यक्तिले यस्तै सङ्केत गर्‍यो । उहाँ भन्दै हुनुहुन्थ्यो, "सरकारले कृषिउपजमा आत्मनिर्भर बन्न हरसम्भव प्रयास गरिरहेको छ । केही वस्तुमा आत्मनिर्भर भइसकेको छौँ, तर धानलगायत केही खाद्यबालीमा त्यो लक्ष्यलाई प्रकृतिले नै चुनौती दिएको छ । अन्नभण्डार मधेशमै पर्याप्त धान रोपाइँ हुनसकेको छैन । अब तत्कालीन र दीर्घकालीन उपायको खोजी गरेर अगाडि बढ्छौँ ।"

**जलवायु सङ्कट र मधेश**

नेपालमा केही दशकअघिसम्म पनि जलवायु परिवर्तन हल्लाको विषय थियो । यो मुद्दा विकास साझेदारहरूले बहसमा ल्याइदिएको विषयका रूपमा मात्र बुझ्नेहरू धेरै थिए । कतिपयलाई काल्पनिक जस्तो लाग्ने यो विषय नेपालीका लागि भने यथार्थमै परिणत भइसकेको छ । "यो हाम्रा लागि दूर भविष्यमा आइपर्ने चुनौती होइन, वर्तमानमा आइसकेको खतरा हो । यसले आर्थिक, सामाजिक, सांस्कृतिक, कृषि, ऊर्जा, मानव स्वास्थ्य, जैविक विविधता, प्राकृतिक पारिस्थितिक प्रणालीलगायत जनजीवनमा पार्ने प्रभाव नजिकबाट महसुस गरिसकेका छौँ", सहसचिव डा श्रेष्ठ भन्नुहुन्छ ।

कमजोर विकास पूर्वाधार, भौगर्भिक बनावट, हिमालयबाट निःसृत नदी प्रणाली तथा यिनै नदीमा आश्रित कृषि प्रणालीका कारण पनि नेपाल यसका असरबाट नराम्ररी प्रभावित भइरहेको छ । यसपटक सबैभन्दा मार तराई मधेशले भोगेको छ । अघिल्लो वर्ष (सन् २०२४) को हिउँद ३० वर्षयताकै कम पानी परेको हिउँदका रूपमा दर्ज छ । यस वर्ष (सन् २०२५) को हिउँद पनि सुक्खा नै भयो । अधिकांश स्थानमा सामान्यभन्दा ६० प्रतिशत बढी सुक्खा देखिएको विज्ञहरू बताइरहेका छन् ।

हुन त विश्वव्यापी रूपमा ताता दिनहरू बढ्दै छन् । तराई मधेशमा पनि गर्मी निरन्तर बढ्दो छ । त्यहाँको तापक्रम लगातार ४० डिग्री सेल्सियसभन्दा माथि पुग्दैछ ।

वन तथा वातावरण मन्त्रालयका मौसम विज्ञानविज्ञ हिमाल सिवाकोटी तापमान बढ्दै जाँदा मौसमी चक्रमा फेरबदल आइरहेको र त्यसले समग्र देश र विशेषगरी तराई मधेश समस्यामा परेको बताउनुहुन्छ । "यसपटक सामान्यभन्दा बढी पानी पर्ने प्रक्षेपण थियो, तर मधेशमा सामान्यभन्दा पनि कम पानी पर्‍यो । फेरि अन्य क्षेत्रमा बाढीपहिरोको अवस्था छ । अवस्था सुध्रिनसक्छ, तर कृषि क्षेत्रलाई ढिला भइसक्छ", उहाँ भन्नुहुन्छ, "यसपटक आकाशेपानी मात्रै होइन, नदीमा पनि पानी कम भएकाले मधेशले प्रत्यक्ष मार खेप्नुपरेको छ ।"

यहाँ भूमिगत पानीको स्तर घट्दै छ । सतह सिँचाइको पहुँच सबै क्षेत्रमा छैन, जहाँ छ त्यहाँ रोपाइँ भइरहेकै छ । वरिष्ठ कृषि इन्जिनियर डा जीतबहादुर चन्द भन्नुहुन्छ, "पहिले २०/२५ फिटमा आउने पानी हाल १०० र कतिपय ठाउँमा तीन/चार सयमा मात्र आउने गरेको छ । हामीले जमिनबाट पानी तान्ने काम मात्रै गर्‍यौँ, तर पुनर्भरणमा ध्यान दिएनौँ । त्यसैले समस्या थप चुलिएको हो ।" वरिष्ठ कृषि इन्जिनियर सरोज अधिकारी पनि पानी पुनर्भरण प्रणाली बिथोलिएको, खोलानालामा पर्याप्त जलस्रोत नभएको र भएकै पानी पनि सिँचाइ प्रणालीमार्फत सबै ठाउँमा समान रूपमा वितरण गर्न नसकिएकाले चुनौतीपूर्ण अवस्था आएको बताउनुहुन्छ ।

मधेश प्रदेश अन्य क्षेत्रभन्दा संवेदनशील छ । यहाँ न पर्याप्त भूमिगत पानी छ, न त जङ्गल । पानीलगायत प्राकृतिक स्रोतको मुहान मानिएको चुरेमाथि नै छेडखानी भइरहेको छ । नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादव बारम्बार भन्ने गर्नुहुन्छ, "चुरे तराई–मधेशको 'लाइफलाइन' हो । त्यसको गडबडीले मधेशको जीवनरेखा नै बदलिन सक्छ । यदि समयमै नसम्हालिने र त्यसका लागि ठोस् पहल नगर्ने हो भने मधेश अबको केही वर्षमै मरुभूमि बन्नसक्छ । पानीकै लागि तड्पिने अवस्था आउनसक्छ ।"

**'हालको खडेरी सामनाका लागि विज्ञका सुझाव'**

कृषि मधेश प्रदेशको आर्थिक आधार र जीविकोपार्जनको मुख्य स्रोत हो । प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) ले आव २०७९/८० मा मधेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले ३५ दशमलव ०२ प्रतिशत योगदान गरेको भनी उल्लेख गर्नुले पनि यसलाई पुष्टि गर्छ ।

यहाँ कुल पाँच लाख ४२ हजार ५८० हेक्टर खेतीयोग्य छ, जसमध्ये पाँच लाख दुई हजार २२४ हेक्टरमा खेती हुन्छ । सिँचाइ सुविधा भने खेतीयोग्य जमिनको ४९ प्रतिशतमा मात्रै आंशिक रूपमा पुगेको तथ्याङ्क छ । यहाँ चन्द्र नहर, कोशी पम्प नहर, कमला, बागमती तथा गण्डक नहर सिँचाइका मुख्य स्रोत हुन् । यसका अतिरिक्त साना बाँध, तलाउ, भूमिगत पानी तानेर सिँचाइ हुने गर्छ ।

धनुषाको नक्टाझिजमा रहेको कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्रका प्रमुखसमेत रहनुभएका वरिष्ठ कृषि इन्जिनियर अधिकारी हाल भूमिगत जलस्रोत घट्दै गएको र मधेशको समग्र क्षेत्र लाभान्वित हुनेगरी सतह सिँचाइ प्रणाली नभएकाले दुवै समस्या समाधानमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुहुन्छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाका प्रवक्तासमेत रहनुभएका वरिष्ठ कृषि इन्जिनियर डा चन्द पनि विगतका अध्ययन र हालै कृषि तथा पशुपन्छी विकास मन्त्रिस्तरीय निर्णयबाट मधेशका आठवटै जिल्लामा गरिएको अध्ययनका सिफारिसअनुसार काम अगाडि बढाउनुपर्ने बताउनुहुन्छ । "आठ जिल्लामा चारवटा टोलीले आवश्यक अध्ययन गरेर तत्कालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यबारे सुझाव दिएका छन्", उहाँले भन्नुभयो, "त्यसअनुसार उपलब्ध स्रोतको परिचालन र थप स्रोतको सुनिश्चित गरी काम अगाडि बढाउन आवश्यक छ ।"

**तत्काल गर्न सकिनेः जे छ त्यहीबाट काम सुरु गरौँ**

अध्ययन टोलीले यहाँ तत्काल गर्न सकिने उपायका रूपमा भूमिगत जलस्रोतको यथोचित उपयोग र भएका नहर प्रणालीको प्रयोगलाई औँल्याएका छन् । पञ्चायतकालदेखि सरकारी र निजी क्षेत्रबाट जडान गरिएका एक हजारभन्दा बढी डिप ट्युबवेलमध्ये करिब ५० प्रतिशत प्रयोगविहीन रहेकाले तिनको उपयोग नै सङ्कट समाधानका तत्कालीन उपाय भएको अध्ययन टोलीको सुझाव छ । यहाँ हजारौँको सङ्ख्यामा स्यालो ट्युबवेल छन्, तीमध्ये उत्तरी भेगमा भूमिगत पानीको सतह निकै तल पुगेकाले प्रयोगविहीन छन् । यसरी साना-तिना समस्याका कारण सञ्चालनमा नरहेका सयौँ बोरिङ सञ्चालन उपयुक्त विकल्प भएको अध्ययन टोलीको ठहर छ ।

यहाँ कमला सिँचाइ आयोजना, साबिकको समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रममार्फत सप्तरी, सिरहा र महोत्तरीमा मात्रै २३६ डिप ट्युबवेल जडान भएका छन् । तीमध्ये ९८ वटा मात्रै सञ्चालनमा छन्भने १३८ अझै सञ्चालन हुन सकेका छैनन् । यसमा करोडौँ रकम खर्च भइसकेको छ र अब केही रकम खर्च गरेमा करिब चार हजार ५०० हेक्टरमा तत्काल सिँचाइ सुविधा उपलब्ध गराउन सकिने अध्ययन टोलीको ठहर छ ।

यस्तै, साबिकको जनकपुर कृषि विकास योजनामार्फत सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा गरी २४२ वटा डिप बोरिङ जडान भएकामा त्यसमा ८५ वटा सञ्चालनमा छन्भने बाँकी १५५ वटा प्रयोगविहीन छन् । वरिष्ठ कृषि इन्जिनियर अधिकारीले भन्नुहुन्छ, "पुराना डिप ट्युबवेलको आवश्यक मर्मत गरी विद्युतीकरण, पम्प जडान तथा भूमिगत नाला विस्तार गर्न सकेमा तत्काल सिञ्चित क्षेत्रफल उल्लेख्य वृद्धि गर्न सकिन्छ ।"

प्रधानमन्त्री ओलीले पनि यहाँ पाँच सय डिपबोरिङ जडान गर्ने घोषणा गर्नुभएको छ । हालको बजार मूल्यअनुसार एउटा बोरिङका लागि सम्पूर्ण काम गर्न रु एक करोडभन्दा बढी खर्च लाग्ने गरेको प्राविधिकहरू बताउँछन् । यसर्थ अर्बौं रुपैयाँ जोहो गर्नुपर्ने र जडान गर्न धेरै समय लाग्ने भएकाले यसै याममा त्यसबाट फाइदा लिने सम्भावना निकै कम छ । यदि पुराना बोरिङ मर्मत

*बाँकी अन्तिम पृष्ठमा*

# कानुन मिचेर बजेटमा ऋणको स्रोत देखाउँदै प्रदेश सरकार

**हेमन्त जोशी**
काठमाडौँ, १२ साउन (रासस)।

प्रदेश सरकारले आफ्नो बजेटमा आन्तरिक ऋणलाई स्रोत देखाउन थालेको आठ वर्ष भयो। कर्णाली प्रदेशले आर्थिक वर्ष २०७५/७६ मा पहिलोपटक आन्तरिक ऋण उठाउने गरी घाटा बजेट ल्याएको थियो। त्यसयता बागमती र सुदूरपश्चिमबाहेक सबै प्रदेशले ऋणलाई स्रोत देखाएर कुनै न कुनै आवमा बजेट ल्याएका छन्।

चालु आव २०८२/८३ का लागि गण्डकी र मधेसले घाटा बजेट ल्याएर आन्तरिक ऋण उठाउने गरी स्रोतको जोहो गरेका छन्। चालु आवमा गण्डकीले रु एक अर्ब ७५ करोड र मधेसले रु दुई अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेका छन्। कानुनतः प्रदेशले आन्तरिक ऋण उठाउन पाउने भएपनि वार्षिक बजेटमा यो शीर्षकको स्रोत देखाउँदा उनीहरूले विधि, प्रक्रिया र अनुशासन मिचेको भेटिएको छ।

कानुनी प्रक्रिया र वित्तीय अनुशासन पालनामा प्रदेशका कमजोरी बारम्बार प्रकट हुने गरेका छन्। सङ्घीय सरकारको पूर्वस्वीकृतिलगायतका प्रक्रिया पूरा नगरिकनै आन्तरिक ऋणलाई बजेट स्रोतको रूपमा देखाउनु कानुन विपरीत हुन जान्छ। तर प्रदेशहरूले सङ्घीय अर्थ मन्त्रालयको अनुमति र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको समन्वयबिनै निरन्तर आन्तरिक ऋणलाई बजेट स्रोत देखाइरहेका छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र गण्डकी प्रदेश स्रोत अनुमान समितिको सिफारिसका आधारमा आन्तरिक ऋण उठाउने भनेर स्रोत देखाइए पनि सङ्घीय अर्थ मन्त्रालयको सहमति भने नलिइएको गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रदेव पाण्डेले बताउनुभयो।

"वित्त आयोगले दिएको आन्तरिक ऋण उठाउन सक्ने सीमा र स्रोत अनुमान समितिले दिएको सिलिङका आधारमा हामीले आन्तरिक ऋणलाई बजेट स्रोत देखाएका हौँ, ऋण उठाउनुपर्ने अवस्थामा हामी अर्थ मन्त्रालयसँग समन्वय गर्नेछौँ", उहाँले रासससँग भन्नुभयो।

गण्डकी जस्तै यसवर्ष मधेस प्रदेशले आन्तरिक ऋण उठाउने भनेको छ। तर मधेस प्रदेशले सङ्घ सरकारको स्वीकृति लिएन। मधेस प्रदेश अर्थ मन्त्रालयका सचिव रामकुमार महतोका अनुसार बजेटमा स्रोत देखाइए पनि खर्च गर्ने क्षमता नभएका कारण ऋण उठाउनुपर्ने अवस्था आइसकेको छैन।

गत आर्थिक वर्षमा मधेसले आन्तरिक ऋण उठाउने भनेको थियो। तर न्यून बजेट खर्च भएपछि त्यस्तो ऋण नउठाइएको उहाँको भनाइ छ। "आर्थिक वर्ष २०८१/८२ मा हामीलाई ऋण आवश्यक नै परेन। किनभने विनियोजनको तुलनामा बजेटको खर्च निकै कम छ। असार दोस्रो सातासम्म मधेसको समग्र बजेट खर्च २५ प्रतिशत हाराहारी मात्रै छ। विनियोजित बजेट सबै खर्च नहुने भएकाले हामीलाई ऋण उठाउन आवश्यक नै परेन", उहाँले भन्नुभयो।

नेपालको संविधान, २०७२ अनुसार बाह्य ऋण सङ्घीय सरकारले मात्रै उठाउन पाउँछ। तर आन्तरिक ऋण भने प्रदेश र स्थानीय तहले लिने संवैधानिक अधिकार पाएका छन्। संविधानको धारा २५१ अनुसार यस्तो ऋणको सीमा निर्धारण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गर्नुपर्ने स्पष्ट व्यवस्था छ। त्यस्तै, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ ले तीनवटै तहका सरकारलाई आयोगको सिफारिसभित्र रहेर आन्तरिक ऋण उठाउन सक्ने अधिकार दिएको छ। आन्तरिक ऋण लिनुपूर्व योजना निर्क्यौल, सम्भाव्य प्रतिफल, ऋण भुक्तानीको खाका र ऋणदाता निकायको विवरणसहितको प्रस्ताव अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने ऐनमा उल्लेख छ।

यसरी पेस भएको प्रस्ताव व्यावहारिक र कार्यान्वयनयोग्य ठहरिएमा मात्र सङ्घीय सरकारले ऋण लिन सहमति दिन सक्छ। तर व्यावहारिक रूपमा यी कानुनी सर्तहरू प्रदेश सरकारले बेवास्ता गरिरहेका छन्। हालसम्म कुनै पनि प्रदेशले आन्तरिक ऋण उठाउनका लागि सहमति नमागेको अर्थ मन्त्रालयअन्तर्गतको वित्तीय सङ्घीयता समन्वय महाशाखा प्रमुख महेश बराल बताउनुहुन्छ। प्रदेशहरूले पटक-पटक यसरी सङ्घ सरकारको अनुमतिबिनै आन्तरिक ऋणलाई स्रोत देखाएर आर्थिक अनुशासन मिच्न थालेपछि कानुनमै कडाइ गर्न लागिएको उहाँको भनाइ छ।

"सङ्घीय सरकारसँग सहमति नै नलिइ प्रदेशहरूले आन्तरिक ऋण लिन्छौँ भनेर अर्बौं रुपैयाँ स्रोत देखाउनु बजेट अनुशासन उल्लङ्घन हो। यसलाई कानुन संशोधनमार्फत नै कडाइ गर्न खोजिरहेका छौँ", उहाँले रासससँग भन्नुभयो। आन्तरिक ऋण मात्र नभई प्रदेशलाई दिने ऋण र वैदेशिक अनुदानका लागि केन्द्र सरकारको अनुमति आवश्यक पर्ने बरालले बताउनुभयो।

सङ्घीयता कार्यान्वयनसँगै प्रदेश तथा स्थानीय तहलाई कानुन निर्माणदेखि बजेट तर्जुमा, योजना कार्यान्वयन र लेखापरीक्षणसम्मको अधिकार प्राप्त भए पनि उनीहरूले अझै पनि वित्तीय अनुशासन, कानुनी प्रक्रिया र व्यावहारिक क्षमता निर्माणमा चासो देखाएका छैनन्। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा १५ ले घाटा बजेट ल्याउन सक्ने व्यवस्था गरेको छ। तर घाटा पूर्तिका लागि स्रोत परिचालनको स्पष्ट योजना तयार पार्नुपर्ने सर्त प्रदेशहरूले पूरा गरेका छैनन्। त्यसैगरी, सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा ६ अनुसार सङ्घीय सरकारको सहमति र आयोगको सिफारिसमा मात्र ऋणपत्र जारी गर्न सकिने व्यवस्था छ। यसका लागिसमेत प्रदेशले कुनै पहल थालेका छैनन्।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाका अनुसार हालसम्म कुनै पनि प्रदेशले आन्तरिक ऋण उठाउनका लागि कार्यालयमार्फत प्रक्रिया अघि बढाएका छैनन्। "प्रदेशहरूले पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत ऋण उठाउने हो। तर हालसम्म कुनै पनि प्रदेशबाट त्यसका लागि पहल भएको छैन। अर्थ मन्त्रालयबाट स्वीकृत भएको जानकारी छैन", कोइरालाले भन्नुभयो।

यसरी हेर्दा प्रदेश सरकारले आन्तरिक ऋणसम्बन्धी अधिकारको प्रयोग गर्नका लागि न कानुनको परिपालना गरेका छन्, न त व्यावहारिक योजना र संस्थागत समन्वयमा गम्भीरता देखाएका छन्। यस्ता कमजोरीहरूले समग्र सङ्घीय वित्तीय प्रणालीलाई अस्थिर बनाउने मात्र नभई सशक्त प्रदेश शासनको परिकल्पनालाई असफल बनाउनका लागि भूमिका खेलिरहेको जानकारहरू बताउँछन्। स्पष्ट योजनाबिनै आन्तरिक ऋणलाई स्रोतको रूपमा बजेटमा देखाउने तर त्यसलाई परिचालन गर्न असफल हुने प्रवृत्तिले गम्भीर संस्थागत लापरबाही मात्र नभई वित्तीय पारदर्शिता र जवाफदेहितामा प्रश्न उठाएको छ।

प्रदेशहरूले आन्तरिक ऋण उठाउन पाउने भए पनि अहिले उनीहरूले बजेट आकार बढाउन कै लागि मात्र त्यसलाई स्रोत देखाउने र योजनामा हालीमुहाली गर्ने गलत प्रवृत्ति देखिएको सङ्घीयता तथा योजनाविज्ञ डा खिमलाल देवकोटा बताउनुहुन्छ। "प्रदेशहरूले जसरी आन्तरिक ऋणको स्रोत देखाएर बजेटको आकार बढाएका छन्, त्यो गलत छ। बजेटको आकार ठूलो देखाएर योजना छिराउने प्रवृत्ति देखिएको छ। आफू अनुकूल योजना राख्नका लागि यसो गरिएको हो", देवकोटा भन्नुहुन्छ, "सङ्घीय मन्त्रालयले प्रदेशलाई अनुमतिविना ऋण लिन पाउँदैनौं भन्नुपर्छ।"

**कुन प्रदेशले कहिले ऋणलाई स्रोत देखाए ?**

पछिल्ला केही वर्षयता नेपाल सरकारको सार्वजनिक ऋणको सम्बन्धमा विभिन्न कोणबाट टिप्पणी भइरहेको छ। गत आव २०८१/८२ को जेठ मसान्तसम्ममा सार्वजनिक ऋण साढे २६ खर्ब नाँघिसकेको छ। बढ्दो सार्वजनिक ऋणलाई मुलुकको आर्थिक सङ्कटको सम्भावित कारकका रूपमासमेत हेर्न थालिएको छ। सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकार आर्थिक स्वायत्ततासँगै बजेट स्रोतको विविधीकरणको बाटोमा लाग्नुपर्ने थियो। तर, प्रदेश र स्थानीय तहहरू अझै आन्तरिक ऋण परिचालनका आधारभूत संरचना निर्माण, विधि प्रक्रिया र कानुन परिपालनामा चुकिरहेका छन्।

कोशी प्रदेशको आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा घाटा पूर्ति गर्न आन्तरिक ऋण उठाइने उल्लेख गरिएको थियो। बजेटको बुँदा नम्बर १८० मा 'आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट खर्चको आवश्यकता पूरा नहुने भएकाले न्यून वित्त रु पाँच अर्ब बराबर अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले गरेको व्यवस्था बमोजिम नेपाल सरकारसँग ऋण लिइ पूर्ति गरिनेछ' भनी राखिएको छ। तर कोशी प्रदेशले सो ऋण उठाउन सकेन।

मधेस प्रदेशले लगातार तीन आर्थिक वर्ष २०८०/८१, २०८१/८२ र २०८२/८३ मा रू दुई अर्ब बराबर आन्तरिक ऋण उठाउने लक्ष्य बजेटमार्फत राखेको छ। अघिल्ला दुई आव ऋण उठाउन नसकेको मधेसले चालु आवमा ऋण लिनका लागि प्रक्रियासमेत थालेको छैन।

गण्डकी प्रदेशले आन्तरिक ऋणलाई बजेट स्रोतमा समावेश गर्न थालेको लगायत सात वर्ष भयो। आर्थिक वर्ष २०७६/७७ को बजेटमा गण्डकीले रु ९८ करोड ८३ लाख ९२ हजार आन्तरिक ऋण र थप रु एक अर्ब नेपाल सरकारसँग ऋण लिने घोषणा गरेको थियो। त्यसपछिका तीन आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० मा समान रू दुई अर्ब ऋण उठाउने लक्ष्य राखिएको थियो। जसमा आन्तरिक र सङ्घीय स्रोतबाट रु एक-एक अर्बको समायोजन गर्ने भनिएको थियो। त्यस्तै आव २०८०/८१ र २०८/८२ मा पनि गण्डकी सरकारले समान रु एक अर्ब ७० करोडको आन्तरिक ऋण उठाउने लक्ष्य राखेको थियो। चालु आव २०८२/८३ मा यो लक्ष्य रु एक अर्ब ७५ करोड पुऱ्याइएको छ।

लुम्बिनी प्रदेशले आर्थिक वर्ष २०७९/८० मा रु एक अर्ब र २०८०/८१ मा रु एक अर्ब २५ करोड बराबर आन्तरिक ऋण उठाउने लक्ष्य राखेको थियो। तर यी दुवै वर्षमा पनि ऋण उठाउन सफल भएन।

कर्णाली प्रदेशले २०७५/७६ को बजेटमा रु एक अर्ब र २०७६/७७ मा रु ७५ करोड ऋण उठाउने योजना बजेटमा समावेश गरेको थियो। तर त्यसयता कुनै आर्थिक वर्षमा ऋणलाई बजेट स्रोतका रूपमा उलेख गरेको छैन। अन्य प्रदेशहरूले ऋणको देखावटी योजना बनाउने अभ्यास जारी राखिरहँदा बागमती र सुदूरपश्चिम प्रदेशले भने अहिलेसम्म कुनै आर्थिक वर्षमा पनि आन्तरिक ऋणलाई बजेट स्रोतका रूपमा उल्लेख गरेका छैनन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आर्थिक वर्ष २०७५/७६ बाटै प्रदेश र स्थानीय सरकारलाई उनीहरूले उठाउन सक्ने ऋणको सीमा सिफारिस गर्दै आएको छ। आयोगले आव २०७५/७६ प्रदेश तथा स्थानीय तहलाई उनीहरूको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त रकमको १० प्रतिशतसम्म आन्तरिक ऋण उठाउन सक्ने सुझाव दिएको थियो। प्रदेश र स्थानीय सरकारले उठाउन सक्ने ऋणको सीमा आर्थिक वर्ष २०७७/७८ पछि बढाएर १२ प्रतिशत पुऱ्याइएको छ।

चालु आवका लागि पनि वित्त आयोगले यहि सिफारिस गरेको छ। तर आयोगले पनि प्रक्रिया पूरा गरेर मात्रै ऋणलाई स्रोत देखाउन भनेका छ। "प्रदेश/स्थानीय सरकारहरूले आन्तरिक ऋण परिचालनको संरचनागत र प्रक्रियागत प्रबन्ध पूरा भएको अवस्थामा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारले आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछन्", आयोगको सिफारिसमा भनिएको छ, "राष्ट्रिय र प्रादेशिक नीति तथा योजनामा आधारित भई लागत लाभ विश्लेषणबाट आन्तरिक प्रतिफल दर (इन्टर्नल रेट अफ रिटर्न-आइआरआर) वा खुद वर्तमान मूल्य (नेट प्रेजेन्ट भ्यालु-एनपिभी) उपयुक्त देखिएका आयोजना/परियोजनाकार्यान्वयनका लागि नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋण उठाउन सक्नेछन्।"

## विश्व समाचार

### विश्वव्यापी एआई मोडेल गणनामा चीन शीर्ष स्थानमा

साङ्घाई, १२ साउन (रासस/सिन्ह्वा)।

चीनले एक हजार पाँच सय नौ ठूला कृत्रिम बुद्धिमत्ता (एआई) मोडल जारी गरेको छ। यो विश्वभरमा सबैभन्दा धेरै सङ्ख्या हो र हालसम्म सुरु गरिएका तीन हजार सात सय ५५ मोडलको पर्याप्त हिस्सा हो। यो जानकारी २०२५ विश्व एआई सम्मेलन (डब्लुएआइसी) मा प्रस्तुत गरिएको हो। चीनले आधारभूत पूर्वाधार र क्षेत्र-विशिष्ट अनुप्रयोगहरू समेटेर एक व्यापक एआई औद्योगिक प्रणाली स्थापना गरेको छ। चीन एकेडेमी अफ इन्फर्मेसन एन्ड कम्युनिकेसन्स टेक्नोलोजी (सिएआइसिटी) को तथ्याङ्कअनुसार देशमा पाँच हजार एक सयभन्दा बढी एआई कम्पनी छन्। यी कम्पनीले विश्वभरका कुल कम्पनीको लगभग १५ प्रतिशत ओगटेका छन्। थप रूपमा, चीनमा ७१ एआई युनिकर्न कम्पनीहरू छन्, जसले विश्वका दुई सय ७१ युनिकर्नहरूको लगभग २६ प्रतिशत प्रतिनिधित्व गर्दछ। सिएआइसिटीका अध्यक्ष यु सियाओहुईले यस वर्ष नयाँ प्राविधिक दृष्टिकोणका साथसाथै आधारभूत ठूला मोडेलहरूको द्रुत पुनरावृत्तिले आर्टिफिसियल जनरल इन्टेलिजेन्सतर्फ अघि बढ्ने महत्त्वपूर्णक▪ सम्भावना देखाएको बताउनुभयो। चीनमा अग्रणी कम्पनीहरू, उदीयमान युनिकर्नहरू, विशेषज्ञ फर्महरू र नयाँ स्टार्टअपहरूद्वारा विशेषता भएको सकारात्मक विकास परिदृश्य आकार लिएको उहाँले बताउनुभयो। सूचीबद्ध कम्पनीहरू र युनिकर्नहरू चीनको एआई उद्योगका लागि प्रमुख इन्जिनका रूपमा पहिचान गरिएका छन्। चीनमा तीन सयभन्दा बढी एआई-सम्बन्धित सूचीबद्ध कम्पनीहरू छन्, जसको एआई-सम्बन्धित राजस्व देशको कुल एआई उद्योग मापनको लगभग ७० प्रतिशत हो।

चिनियाँ एआई युनिकर्नहरूका शीर्ष पाँच नवीनता क्षेत्रहरू ठूला मोडल, स्वायत्त ड्राइभिङ, बुद्धिमान रोबोट, व्यापारिक बुद्धिमत्ता अनुप्रयोग र एआई कम्प्युटिङ चिपहरू हुन्। युले चीनको एआई उद्योग निरन्तर नयाँ प्रविधि, अनुप्रयोग र व्यापारिक मोडलहरूको धाराले प्रेरित भएर द्रुत रूपमा विस्तार भइरहेको बताउनुभयो। उहाँका अनुसार यो उच्च गुणस्तरीय आर्थिक र सामाजिक विकासको लागि मुख्य वृद्धि चालक बनेको छ। साङ्घाईमा एकसाथ आयोजित ग्लोबल एआई गभर्नेन्स सम्बन्धी उच्च-स्तरीय बैठकसँगै 'एआई युगमा विश्वव्यापी एकता' शीर्षकको तीन दिने डब्लुएआइसी समापन भयो। बैठकमा ४० भन्दा बढी देश र अन्तर्राष्ट्रिय संस्थाहरूका उच्च-स्तरीय प्रतिनिधिहरूलाई एकत्रित भएका थिए।

### कङ्गोः विद्रोही आक्रमणमा मारिनेको संख्या ४० भन्दा बढी पुग्यो

कङ्गो, १२ साउन (रासस/एएफपी)।

उत्तरपूर्वी कङ्गोमा 'एलाइड डेमोक्र्याटिक फोर्स'का विद्रोहीहरूले आइतबार गरेको आक्रमणमा परी ४० जनाभन्दा बढीको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय मिसन तथा कङ्गोको सेनाले जनाएको छ। सन् २०१९ मा इस्लामिक स्टेटप्रति समर्पित एडिएफले कोमान्डा सहरको क्याथोलिक चर्चमा प्रार्थनाका लागि भेला भएका बासिन्दाहरूमाथि आक्रमण गरेको स्थानीयले जनाएका छन्। कङ्गोमा तैनाथ संयुक्त राष्ट्रसङ्घीय शान्ति अभियानका अनुसार आक्रमणमा नौ बालबालिकासहित ४३ जनाको मृत्यु भएको छ। प्रार्थनास्थललक्षित आक्रमणहरू मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका मापदण्ड विपरीत भएको शान्ति अभियानका उपप्रमुख भिभियन भ्यान डे पेरेले बताउनुभयो। कङ्गोको सेनाले 'नरसंहार'को निन्दा गर्दै 'करिब चालीस जना मारिनुका साथै र अन्य धेरै जना गम्भीर रूपमा घाइते भएको' उल्लेख गरेको छ। एडीएफले 'आतंक फैलाउने समूहमाथि बदला लिने निर्णय गरेको बताएको छ।

स्थानीय स्रोतहरूले भने कम्तिमा ३५ जनाको मृत्यु भएको रिपोर्ट गरेका थिए। युगान्डाको सिमानामा रहेको इटुरी क्षेत्रमा महिनौँको शान्तिपुर्ण वातावरणपछि पुनः रक्तपात भएको हो। यसअघि, एडिएफद्वारा फेब्रुअरीमा आक्रमण भएको थियो, जसमा मम्बासा क्षेत्रमा २३ जनाको मृत्यु भएको थियो। इरुमु क्षेत्रको कोमान्डा सहर सोपो, उत्तरी किवु र मनिमालाई जोड्ने तीन अन्य प्रान्तहरूको पनि व्यापारिक केन्द्र हो। एडिएफ युगान्डाका विद्रोही हुन् जसले यस क्षेत्रमा कङ्गोली सशस्त्र बलको साथमा युगान्डाको सेना तैनाथ भएपनि उत्तरपूर्वी प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा हजारौं नागरिकहरूको हत्या र लुटपाट गरेको छ। सन् २०२१ को अन्त्यमा, कम्पाला र किन्सासाले एडिएफ विरुद्ध 'सुजा' भनिने संयुक्त सैन्य कारबाही सुरु भएको विद्रोह अहिलेसम्म नियन्त्रण भएको छैन। ङ्गोली सेनाले एडिएफसँग बदला लिने प्रतिवद्धता व्यक्त गर्दै जनतालाई सतर्क रहन र कुनै पनि शङ्कास्पद व्यक्तिहरू फेला परेमा सेनालाई रिपोर्ट गर्न आह्वान गरेको छ।

### इक्वेडरमा सशस्त्र आक्रमणकारीद्वारा १४ सर्वसाधारणको हत्या

क्विटो, १२ साउन (रासस/एएफपी)।

इक्वेडरमा आइतबार दुईवटा छुट्टाछुट्टै आक्रमणमा सशस्त्र आक्रमणकारीहरूले एक बालकसहित कम्तीमा १४ जना सर्वसाधारणको हत्या गरेको प्रहरी अधिकारीहरूले बताएका छन्। राष्ट्रपति डेनियल नोबोआले गत वर्षको सुरुमा सङ्गठित अपराधविरुद्ध युद्ध घोषणा गरेदेखि सन् २०२४ मा प्रति एक लाख जनसङ्ख्यामा ३८ जनाको दरले हत्या भएको थियोभने इक्वेडर यस क्षेत्रको सबैभन्दा हिंसात्मक राष्ट्र बनेको छ। प्रारम्भिक आक्रमणपछि दक्षिणपश्चिमी सहर एल एम्पाल्मेका प्रहरी प्रमुख मेजर ओस्कार भ्यालेन्सियाले लगभग १२ जनाको मृत्यु हुनुका साथै तीन जना घाइते भएको बताउनुभएको छ। आक्रमणकारीहरूले दोस्रो समूहमा गोली हानेपछि थप दुई जनाको मृत्यु भयो, उहाँले उल्लेख गर्नुभएको छ। भ्यालेन्सियाले दुई 'पिकअप' ट्रकमा यात्रा गरिरहेका आक्रमणकारीहरूले पीडितहरूलाई 'पिस्तौल र राइफल' को सहयोगमा गोली हानेको बताउनुभएको छ। अन्वेषकहरूले घटनास्थलमा कम्तिमा ४० वटा ब्यालेस्टिक प्रमाण फेला पारेका अधिकारीले बताएका छन्। सरकारी तथ्याङ्कअनुसार सन् २०२५ को पहिलो पाँच महिनामा इक्वेडरमा चार हजार ५९ जनाको हत्या भएको छ। एक हप्ताअघि दक्षिणपश्चिममा रहेको जनरल भिल्लामिलको पर्यटक रिसोर्टको बारमा पुल खेल्दै गरेका नौ जनालाई सशस्त्र आक्रमण गरी हत्या गरिएको थियो।

# लिट्मस केबल्सको “पावर पार्टनर्स मीट २०८२” सफतापूर्वक सम्पन्न




**दैनिक समाचारदाता**
**काठमाडौं, १२ साउन ।**

नेपालको वायर तथा केबल उद्योगको एक अग्रणी नाम लिट्मस इन्डस्ट्रीज लिमिटेडले आफ्नो तेस्रो “पावर पार्टनर्स मिट २०८२” काठमाडौंमा सफलतापूर्वक सम्पन्न गरेको छ ।

कार्यक्रममा देशभरबाट करिब दुई सय डिलर, वितरक तथा च्यानल पार्टनरहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा कम्पनीको प्रस्तुति, डिलरहरूसँगको प्यानल छलफल तथा उपलब्धिमूलक नेटवर्किङ सेसनको आयोजना गरिएको थियो । लिट्मसले आफ्नो पाँच दशक लामो यात्रा, वर्तमान बजार उपस्थिति, प्रमुख उपलब्धिहरू र भावी योजनाहरू प्रस्तुत गर्दै गुणस्तर, अत्याधुनिक प्रविधि र नवप्रवर्तनप्रतिको आफ्नो प्रतिबद्धता व्यक्त गरेको थियो ।

उत्कृष्ट योगदानको कदरस्वरूप कम्पनीले राइजिङ स्टार, पेमेन्ट एक्सिलेन्स, लिट्मस एक्सिलेन्स अवार्डसहित १० विधामा देशभरका उत्कृष्ट डिलरहरूलाई सम्मानित गरेको थियो ।

सोही अवसरमा लिट्मसले “श्रावण उत्सव” अभियानको घोषणा गर्दै डिलरहरूलाई आकर्षक स्किममार्फत दुबई र थाइल्याण्ड भ्रमण तथा चाँदीका सिक्का जित्ने अवसर प्रदान गर्ने जनाएको छ ।

# मन्त्रालयले सातै प्रदेशमा पठायो रेविज विरुद्धको ५१ हजार भायल खोप, सर्पदंश विरुद्धको औषधि पनि आपूर्ति

काठमाडौँ, १२ साउन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअर्न्तगतको स्वास्थ्य सेवा विभागले देशका सातै प्रदेशमा रेविज विरुद्धको भ्याक्सिन तथा सर्पदंश उपचारमा प्रयोग हुने औषधि आपूर्ति गरेको छ ।

विभागअर्न्तगतको व्यवस्थापन महाशाखा प्रमुख डा पवनजङ्ग रायमाझीले यसअघि नै खरिद भएर आपूर्तिका क्रममा रहेको औषधि प्रदेश सरकारहरूका स्वास्थ्य संस्थामा वितरण गर्नेगरी आपूर्ति केन्द्रहरूमा पुगिसकेको जानकारी दिनुभयो ।

रेबिज तथा सर्पदंश उपचारमा प्रयोग हुने खोप तथा औषधि अभाव भएको समाचार आएलगत्तै चासो लिँदै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मातहतका अधिकारीहरूलाई अभाव नहुनेगरी तत्काल आपूर्ति व्यवस्थापन गर्न निर्देशन दिनुभएको थियो । उहाँले सम्बन्धित अधिकारीहरूलाई आपूर्ति अवस्था बढाएर तथा भावी दिनमा अभाव हुन नदिनेगरी आवश्यक सबै उपाय अपनाउन दिर्नेशन दिनुभएको थियो । सोहीअनुसार स्वास्थ्य सेवा विभागले सबै प्रदेशहरूमा दुवै प्रकारका औषधि आपूर्ति गरेको हो ।

विभागको तथ्याङ्कअनुसार रेविज विरुद्ध उपयोग हुने ५१ हजार एक सय ८० भायल भ्याक्सिन प्रदेश आपूर्ति केन्द्रहरूमा पुगिसकेको छ । सबैभन्दा बढी बागमती प्रदेशमा आपूर्ति गरिएको छ । बागमतीमा १० हजार ८० भायल रेविज विरुद्धको खोप आपूर्ति भएको छ भने सर्पदंश विरुद्धको एक हजार भायल भेनम आपूर्ति भएको छ । यसैगरी, सर्पदंशका बढी समस्या आउने मधेस प्रदेशमा सर्पदंश विरुद्धको भेनम सबैभन्दा बढी दुई हजार पाँच सय तथा रेविज विरुद्धको खोप करिब पाँच हजार भायल आर्पूति गरिएको छ ।

मागका आधारमा अन्य प्रदेशमा भ्याक्सिन तथा भेनम आपूर्ति गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो । विभागले हाल आपूर्ति भएका अतिरिक्त दुई महिनाभित्र हालको आपूर्तिको चार गुणा बढी आपूर्ति हुने गरी व्यवस्था मिलाएको विवरण जनाएको छ ।

## ‘निसास्सिँदै तराई ...

गरिए थोरै खर्चमा केही दिनमै समस्या समाधानमा उपयोग गर्न सकिने जानकारहरू बताउँछन् । इन्जिनियर डा चन्द आवश्यकताअनुसार नयाँ जडान र पुरानाको मर्मत सँगसँगै अगाडि बढाउने र कोशी, कमला, गण्डक, बाग्मतीजस्ता नहरहरूको सफाइ र मर्मत गरी तुरुन्त लाभ लिन सकिने धारणा राख्नुहुन्छ ।

**दीर्घकालीन समाधान: जलवायु उत्थानशील कृषि र सिँचाइ पूर्वाधार**

“हाल देखिएको खडेरी केवल मौसमी समस्या होइन, यो जलवायु परिवर्तनको गहिरो प्रभाव हो । यस्ता कैयन समस्या आउन बाँकी नै छन् । त्यसअनुसार हामीले तयार हुनुपर्छ । अब ‘कहिले पानी पर्छ’ भनेर होइन कि ‘कम पानी परे के गर्ने र त्यसको विकल्प के छ’ भन्ने सोचअनुसार काम गर्ने बेला आएको छ”, वरिष्ठ कृषि इन्जिनियर डा शिव झा भन्नुहुन्छ । त्यसका लागि राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) लगायत निकायले बाली विकास र प्रविधिबारे गरेका अनुसन्धान तथा आविष्कारलाई अनुशरण गर्नुपर्ने उहाँको सुझाव छ ।

आकासेपानीको विकल्पमा हाल सप्तरी, सिरहा, धनुषा, सर्लाही, बारा र पर्सामा रहेका नहरको मर्मत र पुनःसंरचना, नहर नै नभएका महोत्तरी र धनुषाजस्ता जिल्लामा सिँचाइको सम्भाव्यता अध्ययन गरी आवश्यक पूर्वाधार बनाउनुपर्ने, भूमिगत जलस्रोतको संरक्षण र पुनर्भरणका लागि चुरे संरक्षणलाई सशक्त बनाउँदै, फेदी क्षेत्र र खोलानाला नजिक रिचार्ज पोखरी निर्माण गरी भू-जल पुनर्भरण गर्नुपर्ने विज्ञहरूको सुझाव छ ।

नदीमा बहाव वृद्धि र सतह सिँचाइ विस्तार भरपर्दो आधार बनाउन बहुप्रतिक्षित सुनकोशी-मरिन डाइभर्सन परियोजना छिटो सम्पन्न गर्ने र अन्य ठूला सिँचाइ परियोजना अगाडि बढाउनु पनि समस्याको दीर्घकालीन समाधान भएको धेरैको भनाइ छ । यस्तै, विश्व बैङ्कको सहयोगमा कृषि विभागमार्फत सर्लाही र रौतहटमा पाँच सय ‘स्मार्ट डिप ट्युबवेल सिँचाइ प्रणाली’ विकाससम्बन्धी परियोजना सञ्चालनको अवस्थामा रहेकाले त्यसलाई समयमै सम्पन्न गर्नुपर्ने पनि विज्ञहरूले ध्यानाकर्षण गराएका छन् ।

बदलिँदो जलवायु र वर्षा चक्रअनुसार अनुकूल खेती प्रणाली विकास गर्न अनुसन्धान र अध्ययनमा जोड दिन, सिँचाइ प्रणालीको आधुनिकीकरण, वर्षा पानी सङ्कलन, सोलार-पम्प प्रणालीको विकास, सुक्खा सहन सक्ने बालीको प्रवर्द्धनलगायत काम दीर्घकालमा सम्पन्न गर्नुपर्ने सुझाव छ । जलवायु परिवर्तन र त्यसका असर केवल वैज्ञानिक वा वातावरणीय विषय होइन, यी जीवन, जीविका, र भविष्यका सवाल हुन् । त्यसैले अबको कृषि विकास भगवान् भरोसा नभई विज्ञान र प्रविधिमा आधारित अनुमानयोग्य, जलवायु अनुकूलित, दिगो र उत्थानशील बनाउने गरी सिङ्गो राज्य नै लाग्नुपर्ने वन तथा वातावरण मन्त्रालयका उपसचिव कृषिअर्थ विज्ञ नरेश शर्माको सुझाव छ ।

# मधेशका सुक्खाग्रस्त क्षेत्रमा बेलायती संस्थाले सहयोग गर्ने

जनकपुर, १२ साउन (रासस) ।

मधेश प्रदेशलाई विपद् सङ्कट ग्रस्त क्षेत्र घोषणा गरी सरकारले राहत र सहयोगका लागि आह्वान गरेपछि बेलायतको एक संस्थाले सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा बेलायत सरकारअन्तर्गत सञ्चालित ‘स्टार्ट फन्ड नेपाल’ परियोजना राहत र सहयोग कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता जनाएको हो ।

खडेरीबाट प्रभावित पर्सा, बारा, रौतहट, सर्लाही, सिराहा र सप्तरीका १० वटा पालिकामा लागू हुने उक्त कार्यक्रम आगामी ६० दिनसम्म सञ्चालन हुने मधेश प्रदेशका मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

परियोजनाबाट आठ हजार ३५५ घरका करिब ४४ हजारभन्दा बढी नागरिक लाभान्वित हुनेछन् । कार्यक्रमका लागि कुल रु दुई करोड ६० लाख ३३ हजार ४७६ बजेट विनियोजन गरिएको छ । कार्यक्रमलाई तीन चरणमा कार्यान्वयन गरिनेछ । पहिलो चरणमा खडेरीग्रस्त क्षेत्रमा आपत्कालीन रूपमा पानी वितरण, दोस्रो चरणमा गहिरो बोरहोल खन्ने सम्भाव्यता अध्ययन, सिँचाइ प्रणालीको सुधार तथा दिगो पानी प्रणाली निर्माणमा जोड दिइनेछ ।

तेस्रो चरणमा जीविकोपार्जन पुनःस्थापनालाई प्राथमिकता दिइने र यसअन्तर्गत ‘क्यास फर वर्क’ कार्यक्रम, सिँचाइ मर्मत तथा वैकल्पिक बाली प्रवर्द्धनमा प्राविधिक सहयोग प्रदान गर्ने जानकारी आएको मुख्यमन्त्रीका प्रेस सल्लाहकार अवधेश झाले बताउनुभयो ।

# कोशीमा तीन हजारभन्दा बढी डेङ्गु सङ्क्रमित, तीनको मृत्यु

झापा, १२ असार (रासस) ।

कोशी प्रदेशका १४ जिल्लामै डेङ्गुको सङ्क्रमण फैलिएको स्वास्थ्य निर्देशानालय धनकुटाले जनाएको छ । निर्देशानालयकी जनस्वास्थ्य अधिकृत सुरक्षा खत्रीका अनुसार कोशीमा तीन हजार १८१ जना डेङ्गु सङ्क्रमित रहेका छन् । जसमा तीन जनाको मृत्यु भएको उहाँले बताउनुभयो । पहाडी जिल्लामा डेङ्गु सङ्क्रमित अत्यन्त न्यून रहे पनि तराईका चार जिल्लामा बढी रहेको निर्देशानालको तथ्याङ्कले देखाएको छ ।

हालसम्म मोरङमा ९१३, झापा ८९७, सुनसरी ३७७, उदयपुरमा २७५, भोजपुर २२६, धनकुट्टा १४३, ओखलढुङ्गा १२१, पाँचथर ७०, खोटाङ १०, ताप्लेजुङ दुई, इलाम पाँच, सोलुखुम्बु ६ र तेह्रथुम दुई जनामा डेङ्गुको सङ्क्रमण देखिएको उहाँले जानकारी दिनुभयो ।

उहाँले विगत ५० वर्षको अवधिमा विश्वमा डेङ्गुको सङ्क्रमण ३० गुणाले बढेको पाइएको बताउनुभयो । उहाँले प्रत्येक जिल्लामा स्वास्थ्य कार्यालय र स्थानीय तहका स्वास्थ्यकर्मीहरूद्वारा खोजपड्ताल र नष्ट गर्ने कार्यक्रम भइरहेको बताउनुभयो ।

निर्देशनालयकी अधिकृत खत्रीले एडिज एजिप्टाई जातको लामखुट्टेले दिउँसो टोकेमा डेङ्गुको सङ्क्रमण हुने हुँदा पूरा बाहुला भएको वा शरीर पूरै ढाकिने लुगा लगाउन अनुरोध गर्नुभयो । “डेङ्गु हुनबाट बच्ने एउटै मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट जोगिने हो”, उहाँले भन्नुभयो, “घर वरिपरि सफा राख्ने र पानी जम्ने भाँडाकुँडा हटाउने गरेमा पनि एडिज जातको लामखुट्टेबाट बच्न सकिन्छ ।”

असाध्यै शरीर दुख्ने, खाना मन नलाग्ने, पखाला लाग्ने, उच्च ज्वरो आउने, जोर्नी र मांसपेशी, आँखाको गेडी, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु वा बान्ता हुनु आदि डेङ्गुको लक्षण रहेको उहाँको भनाइ छ । उहाँले यिनै लक्षणका आधारमा चिकित्सकहरूले डेङ्गु सङ्क्रमितको किटको माध्यमबाट चेकजाँच र उपचार गर्ने उहाँले बताउनुभयो ।

# वीरगञ्ज नाकाबाट १५ अर्ब १३ करोडको धान-चामल आयात

पर्सा, ११ साउन (रासस) ।

वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु १२ अर्ब ७२ करोड मूल्य बराबरको ३१ करोड ३८ लाख ६५ हजार ४७३ किलोग्राम धान आयात भएको छ ।

अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा गत आवमा मात्रै मूल्यको आधारमा ५३ प्रतिशत बढी धान आयात भएको हो । वीरगञ्ज भन्सार कार्यालयका अनुसार अघिल्लो आवमा आठ अर्ब २९ करोड मूल्य बराबरको २० करोड ८० लाख ९२ हजार ४४८ किलो धान आयात भएको थियो ।

कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले गत आवमा अघिल्लो आवको तुलनामा धान र चामल दुवैको आयातमा वृद्धि भएको जानकारी दिनुभयो । गत आवमा धान मात्रै नभएर चामल आयातमा पनि वृद्धि भएको छ । आव २०८१/८२ मा रु दुई अर्ब ४१ करोड मूल्य बराबरको दुई करोड ४८ लाख १३ हजार ५३१ किलो चामल आयात भएको छ । अघिल्लो आवमा रु एक अर्ब ७३ करोड मूल्य बराबरको एक करोड ३२ लाख ४१ हजार ३७६ किलोग्राम चामल आयात भएको थियो ।

अघिल्लो आवको तुलनामा गत आवमा मूल्यको आधारमा ४० प्रतिशतले चामल आयात बढेको छ । गत आर्थिक वर्षमा छ अर्ब ७३ करोड मूल्य बराबरको १३ करोड ९६ लाख ५९ हजार ६२१ किलो मकै आयात भएको छ । जबकी अघिल्लो आवमा रु पाँच अर्ब ५९ करोड मूल्य पर्ने १२ करोड ९९ लाख १८ हजार १७३ किलोग्राम मकै आयात भएको थियो ।

गत आर्थिक वर्षमा रु ४७ करोड मूल्य बराबरको ९१ लाख ९२ हजार ९८१ किलो फापर, कोदो र अन्य खाद्यान्न आयात भएको छ । जबकी अघिल्लो आवमा रु ४३ करोड मूल्य बराबरको ८४ लाख ९५ हजार ४४५ किलोग्राम फापर, कोदो, र अन्य खाद्यान्न आयात भएको थियो । त्यसैगरी गत आवमा रु चार करोड मूल्य बराबरको आठ लाख ४७ हजार ७८० किलोग्राम कनिका आयात भएको छ ।

# खानेपानीको समुचित व्यवस्था र सिचाइका लागि डिपवेल बोर्डिङको व्यवस्था गर्नुपर्छ : संयुक्त मोर्चा

**दैनिक समाचारदाता**
**राजविराज, १२ साउन ।**

संयुक्त लोकतान्त्रिक मोर्चाको सोमबार काठमाडौंमा बसेको बैठकले तराई मधेशका जिल्लाहरुमा वर्षा नभएको कारणले उक्त सुख्खाग्रस्त, संकटग्रस्त क्षेत्रका किसानहरुलाई कृषि ऋणमा छुटका साथै तत्काल खानेपानीको समुचित व्यवस्था र सिचाइका लागि डिपवेल बोर्डिङको व्यवस्था गर्नुपर्ने निर्णय गरेको छ ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवको अध्यक्षतमा बसेको बैठकले सो निर्णय गर्दै दीर्घकालीन रूपमा यस्तो संकटबाट जोगाउन चुरे वन क्षेत्रको संरक्षण र जलासय निर्माणका साथै पर्यावरण संकटबाट तराई मधेशका जनताहरुलाई जोगाउन ठोस उपायहरु गरिनुपर्ने निर्णय पनि गरेको छ ।

उक्त सुख्खाग्रस्त क्षेत्रका किसानहरुको आगामी फसलको लागि कृषि ऋण, मलखाद, सिचाइ, बिउबिजन, किटनासक औषधि उपलब्ध गराउनुका साथै यसक्षेत्रमा किसानहरुलाई उपरोक्त सामग्रीहरु सहित विशेष सहुलियत स्वरुप अनुदान पनि उपलब्ध गराउनु पर्ने माग गरिएको छ ।

त्यस्तै बैठकले मोर्चाद्वारा यसअघि तय गरिएका विभिन्न जिल्लाका कार्यक्रमहरुको समन्वयमा सभा गर्ने निर्णय गरिएको छ । जसअनुसार साउन १८ गते काठमाडौं, साउन २१ गते भैरहवा, साउन २३ गते नेपालगन्ज, साउन २५ गते कैलाली, भदो १६ गते विराटनगर, भदो १८ गते राजविराज,भदो २० गते जनकपुर र भदो २२ गते बिरगंजमा सभा गर्ने निर्णय गरिएको छ ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*